२०६५ साल पुस १३ गते रोज १ का दिन १२.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. क) नेपाली कांग्रेसद्वारा सम्माननीय प्रधानमन्त्री समक्ष प्रस्तुत ९ बुंदे मागका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले मिति २०६५।७।२६ गते संविधान सभाको व्यवस्थापिका संसद समक्ष प्रस्तुत गर्नुभएको यसैसाथ संलग्न नेपाल सरकारको प्रतिवद्धता अनुमोदन गर्ने र सो प्रतिवद्धता कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने ।

ख) द्वन्द्वकाल र तत्पश्चात ने.क.पा. (माओवादी) पार्टी वा त्यसका भातृ संगठनद्वारा कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिएका कुनै पनि सरकारी, गैरसरकारी वा व्यक्तिगत घरजग्गा फिर्ता गर्ने सम्बन्धमा राजनैतिकस्तरमा भएको समझदारी तथा संविधान सभाको व्यवस्थापिका संसदमा सम्माननीय प्रधानमन्त्रीले मिति २०६५।७।२६ गते व्यक्त गर्नुभएको प्रतिवद्धता अनुरुप त्यस्ता घर जग्गा फिर्ता गराउने प्रकृया तत्काल अगाडि बढाउन सम्बन्धित मन्त्रालय मार्फत स्थानीय प्रशासनलाई निर्देशन दिने ।

ग) उल्लिखित प्रतिवद्धताको बुँदा नं. १ मा उल्लिखित कार्यको अनुगमन व्यवस्थापिका संसदको संसदीय समिति मार्फत र बुँदा ९ मा उल्लिखित कार्यहरुको अनुगमन व्यवस्थापिका संसद्को अर्थ र श्रम सम्बन्ध समिति मार्फत गर्ने व्यवस्था मिलाई दिन व्यवस्थापिका संसदका सम्माननीय सभामुखलाई अनुरोध गर्ने ।

२. जनसाधारणलाई सेवा सुविधा एकै थलोबाट उपलब्ध गराउन गोरखा जिल्लाको सिर्दीवास र महोत्तरी जिल्लाको बर्दिवासमा एकीकृत सेवा केन्द्र स्थापना गर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।